आज मिति २०७८ असार ४ गते प्रमुख जिल्ला अधिकारी श्री गणेश बहादुर अधिकारीको अध्यक्षतामा जिल्ला विपद व्यवस्थापन समितिको देहायको उपस्थितिमा जिल्ला प्रशासन कार्यालयमा बैठक बसी देहाय अनुसार निर्णय गरियो ।

विशेष उपस्थिति

प्रमुख देबेन्द्र बहादुर के.सी., जिल्ला समन्वय समिति म्याग्दी

उपस्थिति

| | |
|---|---|
| प्रजिअ गणेश बहादुर अधिकारी | अध्यक्ष |
| नगर प्रमुख हरिकुमार श्रेष्ठ, बेनी नगरपालिका | सदस्य |
| गाउँपालिका अध्यक्ष सतप्रसाद रोका मंगला गाउँपालिका | सदस्य |
| गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारी रहुगंगा गाउँपालिका | सदस्य |
| गाउँपालिका अध्यक्ष श्रीप्रसाद रोका मगर मालिका गाउँपालिका | सदस्य |
| गाउँपालिका अध्यक्ष डमबहादुर पुन मगर अन्नपूर्ण गाउँपालिका | सदस्य |
| गाउँपालिका अध्यक्ष थमसरा पुन धवलागिरि गाउँपालिका | सदस्य |
| जिसअ जानुका सुवेदी जिल्ला समन्वय समिति | सदस्य |
| सेनानी रविन्द्र बुढाथोकी नेपाली सेना शत्रुभञ्जन गुल्म अर्थुङ्गे | सदस्य |
| प्रनाउ श्याम कुमार राई जिल्ला प्रहरी कार्यालय म्याग्दी | सदस्य |
| सप्रनाउ हरिबहादुर गुरुङ सशस्त्र प्रहरी बल नेपाल गलेश्वर गुल्म | सदस्य |
| उ.प्र. वीरेन्द्र श्रेष्ठ ~~प्रप्रअ महेश गुरुङ~~ राष्ट्रिय अनुसन्धान म्याग्दी | सदस्य |
| अध्यक्ष हरिकृष्ण श्रेष्ठ नेकपा एमाले म्याग्दी | सदस्य |
| उप-सभापति माधव प्रसाद टेम्मी ~~खम्बिर गर्बुजा~~ नेपाली कांग्रेस म्याग्दी | सदस्य |
| अध्यक्ष गोविन्द पौडेल नेकपा माओवादी केन्द्र म्याग्दी | सदस्य |
| अध्यक्ष बेलबहादुर कटुवाल म्याग्दी उद्योग वाणिज्य महासंघ | सदस्य |
| अध्यक्ष दीपक पौडेल म्याग्दी गैसस महासंघ | सदस्य |

| | |
|---|---|
| अध्यक्ष लेखबहादुर हमाल नेपाल रेडक्रस सोसाइटी म्याग्दी | सदस्य |
| अध्यक्ष प्रकाश पौडेल नेपाल प्रत्रकार महासंघ म्याग्दी | सदस्य |
| नि.प्रमुख नवराज पौडेल पुर्वाधार कार्यालय म्याग्दी | सदस्य |
| प्रमुख प्रशान्त झा नेपाल विघुत प्रधिकरण म्याग्ली | सदस्य |
| प्रमुख विष्णु साह नेपाल टेलिकम | सदस्य |
| शम्भु मिश्र भू तथा जलाधार डिभिजन म्याग्दी | सदस्य |
| प्रमुख गोविन्द प्रसाद कोइराला कृषि ज्ञान केन्द्र म्याग्दी | सदस्य |
| प्रमुख इन्द्र बहादुर भट्ट भेटनरी अस्पता तथा पशु विज्ञ केन्द्र | सदस्य |
| मेसु डा. जितेन्द्र कँडेल बेनी अस्पताल | सदस्य |
| नि. प्रमुख एकनारायण लम्साल स्वास्थ्य कार्यालय म्याग्दी | सदस्य |
| सप्रजिअ सुवास शर्मा पौडेल जिल्ला प्रशासन कार्यालय म्याग्दी | सदस्य |

<u>अन्य उपस्थिति</u>

नगर उपप्रमुख सञ्जु बरुवाल बेनी नगरपालिका

प्रमुख प्रशासकिय अधिकृत छविलाल सुवेदी बेनी नगरपालिका

उपाध्यक्ष सिर्जना केसी मंगला गाउँपालिका

प्रमुख प्रशासकिय अधिकृत मनोहर ढुङ्गाना मंगला गाउँपालिका

प्रमुख प्रशासकिय अधिकृत विष्णुप्रसाद पौडेल मालिका गाउँपालिका

प्रमुख प्रशासकिय अधिकृत गोपाल शर्मा धवलागिरि गाउँपालिका

प्रमुख प्रशासकिय अधिकृत शरुण प्रसाद शर्मा पौडेल अन्नपूर्ण गाउँपालिका

प्रमुख प्रशासकिय अधिकृत अमृत सुवेदी रघुगंगा गाउँपालिका

सुरत के सी नेपाल रेडक्रस सोसाइटी म्याग्दी शाखा

उत्तम कर्मचार्य पूर्व अध्यक्ष उद्योग वाणिज्य महासंघ म्याग्दी

खानेपानी, जलस्रोत तथा सिंचाइ विकास डिभिजन
कार्यालय, म्याग्दी
ई. सागर भट्टराई

२७. राम उदार यादव - संघीय खानेपानी तथा ढल व्य. आयोजना,

विषय सूची

१ समिक्षा

२ मनसुन आपतकालिन कार्ययोजना, २०७८ स्वीकृत गर्ने सम्बन्धमा

३ गतवर्ष पूर्ण क्षती भएका निजी आवास पुनर्निर्माण सम्बन्धमा

४ विविध

निर्णयहरू

१ बेनी नगरपालिकाले उपलब्ध गराएको जुम प्ल्याटफर्ममा मिति २०७८ असार २ गते भर्चुअल माध्यमबाट जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरू; स्थानिय तहका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरू; संघ र प्रदेश अन्तर्गतका कार्यालयका प्रमुखहरू तथा अन्य सबै सरोकारवालाहरूवीच मनसुन शुरु भएदेखिका विपदका घटना, उद्धार र राहतका लागि भएका प्रयासहरू, विपद् प्रतिकार्यका लागि तयारी, जिल्लास्तरबाट समाधान हुनुपर्ने समस्याहरू एवं अन्य सामयिक विषयमा छलफल भयो । विगत ४/५ दिनदेखि भैरहेको अविरल वर्षाको कारण बढी पहिरोबाट सडक सञ्जाल क्षतविक्षत भई आवागमन अवरुद्ध भएकोले सहजीकरण गर्न, नदी किनारका, कच्ची सडक मुनीका तथा अन्य पहिरो जाने खतरा भएका घर बस्तीहरु उच्च जोखिममा देखिएकोले नागरिकको जिउधनको सुरक्षाका लागि योजनाबद्ध एवं स्वचालितरुपमा परिचालित हुनुपर्ने महशुस भयो ।

२ जिल्ला विपद् व्यवस्थापन समिति एवं सरोकारवालाहरू तर्फबाट प्राप्त विवरणको आधारमा अद्यावधिक भएको मनसुन आपतकालिन कार्ययोजना, २०७८ प्रस्तुत भयो । जिल्लामा जोखिमका क्षेत्रहरू; विपद व्यवस्थापनमा निकायगत भूमिका; जिल्ला एवं स्थानियस्तरको आपतकालिन उद्धार एवं राहतका गतिविधि एवं जिम्मेवारी; उद्धार र राहतका लागि जिल्लामा उपलब्ध स्रोत, साधन, सामाग्री तथा जनशक्ति; उद्धार गरी राख्ने खुल्ला र सुरक्षित स्थानहरू; अवरुद्ध सडक खुलाउन जिम्मेवारहरू विवरण; कोअर्डिनेट सहितको हेलिप्याडको विवरण, उपचारको व्यवस्था लगायतको विषयलाई एकीकृत गरी तयार भएको कार्ययोजना अनुसार सबै स्थानिय तह एवं अन्य सम्बन्धित निकाय एवं पदाधिकारीले आ-आफ्नो निर्धारित भूमिका बमोजिम स्वचालित रुपमा परिचालित हुने र छुट्टै कार्ययोजना बनाउन आवश्यक भए सो समेत बनाई कार्यान्वयन गर्ने गराउने ।

३ मनसुनको समयमा वर्षा, बाढी, पहिरो, नदी कटान आदिबाट मानिस बस्न खतरा भई जोखिममा रहेका घरका नागरिकहरूलाई यथाशिघ्र सुरक्षित स्थानमा सार्ने । यसरी सार्दा तत्काल सकभर निजहरूको नजिक आफन्तको घरमा, नभए सरकारी वा समुदायिक भवन वा विद्यालयहरूमा बास बस्ने व्यवस्था मिलाउने । यस कार्यको लागि स्थानिय स्वयंसेवकहरूको सहयोगमा स्थानिय जनप्रतिनिधिहरूले नेतृत्व गर्ने ।

४ विपद् घटनाबाट घर र घरका सामान नै पूर्ण क्षति भएकाहरूको लागि सुरक्षित स्थान खोजी राखी अन्य खाद्य, गैर खाद्य राहत सामाग्री उपलब्ध गराउने । उपलब्ध भएसम्म टेन्टको व्यवस्था गर्ने । यसका लागि स्थानिय टोल समिति, स्वयंसेवकहरू, वडाका जनप्रतिनिधिहरू उपलब्ध भएसम्म सुरक्षाकर्मीहरूले नेतृत्व लिई तत्काल उद्धारको कार्य गरी जिल्ला विपद व्यवस्थापन समितिमा सूचना प्रवाह गर्ने ।यसरी सूचना संप्रेषण गर्दा विपद प्रभावितको लिङ्ग, उमेर, अशक्तता, गर्भवति भए सो समेतको संख्या र विवरण उपलब्ध हुने व्यवस्था गर्ने ।

५ सबै स्थानिय तहहरूले आगामी मनसुनको समयमा हुन सक्ने बाढी पहिरोबाट नागरिकको जीउधनको सुरक्षाका लागि उद्धार गर्न आवश्यक न्यूनतम साधनहरू र राहतका लागि आवश्यक हुने सक्ने खाद्य तथा गैर खाद्य सामाग्रीहरू समय अगावै व्यवस्था गरी भण्डारण गरी राख्ने ।

६ विपद्को समयमा विपद् प्रभावितलाई राहत दिन चाहने बाह्य सहयोगी संघसंस्थाहरूले त्यस्तो सहयोग प्रमुख जिल्ला अधिकारीको अनुमति लिई सम्बन्धित गाउँ/नगर पालिका वा वडा कार्यालयमा उपलब्ध गराउनु पर्ने गरी व्यवस्था गर्ने । सम्बन्धित गाउँ/नगर पालिका र वडा कार्यालयले यसरी प्राप्त राहत सामाग्रीहरू पक्षपात र भेदभाव नगरी वास्तविक र सबै विपद् प्रभावितले पाउने गरी वितरण गर्ने गरी प्रबन्ध मिलाई राख्ने । राहत वितरण गर्ने कार्यलाई अनावश्यक रूपमा प्रचारप्रसार नगर्ने नगाउने ।

७ म्याग्दी जिल्लामा कोभिड-१९ को संक्रमण अझै उच्च जोखिमस्तरमा रहिरहेको अवस्थामा विपद् प्रभावितको उद्धार राहतको कार्य गर्दा जिल्ला कोभिड व्यवस्थापन समितिका निर्णय एवं आदेशहरूको सबैले पूर्ण पालना गर्ने गराउने व्यवस्था गर्ने । विपद् घटनामा उद्धर र राहतको कार्य गर्दा समेत माक्स लगाउने, स्यानिटाइजरको प्रयोग वा साबुन पानीले हात धुने, २ मिटरको भौतिक दूरी कायम गर्ने सम्बन्धी स्वास्थ्य मापदण्डको पूर्ण पालनमा कुनै कमी हुन/गर्न नदिने ।

८ बेनी-जोमसोम सडक खण्डको बेग खोलामा पुल नभएको र खोला अति जोखिमयुक्त रहेकोले उक्त खोला लगायत उक्त सडक अवरोध नहुने गरी संचालन गर्न चाहिने हेभिइक्युप्मेन्ट लगायतका साधानहरू स्टयाण्ड वाई राखी उक्त सडक सधै सुचारू हुने गरी व्यवस्था गर्न कालिगण्डकी कोरिडर सडक आयोजनालाई अनुरोध गर्ने ।

९ म्याग्दीको लाइफ लाईनको रुपमा रहेको बेनी-जोमसोम; बेनी-बाग्लुङ; बेनी-कुस्मा; बेनी-दरबाङ सडकमा बाढी पहिरो नदी कटानबाट सडक अवरुद्ध हुन नदिन र अवरुद्ध हुने वित्तिकै तत्कालै हटाई आवागमन सुचारू गराई रहन सम्बन्धित आयोजना एवं निर्माण व्यवसायीहरूलाई विशेष अनुरोध गर्ने ।

१० जिल्लाभित्रका अन्य सडकहरूको अवरोध हटाउन स्थानीय तहहरू हेभिइक्युप्मेन्ट सहित तयारी अवस्था रहने र बाटो अवरुद्ध हुन नदिई तत्काल सुचारू गर्न सबै स्थानिय तहहरूलाई अनुरोध गर्ने ।

११ म्याग्दी जिल्लामा बाढी, पहिरो र नदी कटानको उच्च जोखिम रहेकोले जल उत्पन्न प्रकोप तत्काल निययन्त्रका लागि तारजालीको व्यवस्था गर्न सकेमा सडक लगायत नागरिकहरूको घर संरचनाहरू केहीहदसम्म बचाउन सकिने भएकोले यस जिल्लाको लागि जलस्रोत, सिंचाई तथा खानेपानी डिभिजन कार्यालय र भू तथा जलाधार कार्यालय मार्फत कम्तिमा ३००० (तिन हजार) थान तारजाली उपलब्ध गराइ दिन गण्डकी प्रदेश सरकारसंग अनुरोध गर्ने ।

१२ आगामी मनसुनको अवधिभरका लागि पुग्ने गरी सबै स्थानिय तहहरूले स्वास्थ्य संस्थाहरूमा औषधी उपकरणहरू पर्यप्त मज्दात राख्ने र त्यसका लागि स्वास्थ्य कार्यालयले आवश्यक सहजीकरण गर्ने। स्वास्थ्य संस्थाहरू कार्यरत स्वास्थ्य कर्मीहरूलाई अति आवश्यक अवस्थामा वाहेक विदा नछाड्ने ।

१३ विपद्का घटनाहरूका लागि स्थानिय तहहरूमा रहेको स्वास्थ्य उपचार सम्बन्धी Quick Response Team (QRT) लाई २४ सै घण्टा परिचालन गर्न सक्ने गरी तयारी अवस्थामा राख्ने, परिचालन गर्ने ।

१४ बाढीले बगाएको काठ दाउरा टिप्न तथा माछा मार्न कतिपय मानिसहरू नदी खोलाहरूको जोखिमयुक्न बाढीमा समेत पस्ने गरेको पाइएकोले त्यसरी बाढीमा पस्न सबै स्थानिय तहहरूले रोक्न आवश्यक कदम चाल्ने, सुरक्षा निकायहरूले आवश्यक नियन्त्रण गर्ने ।

१५ गत मनसुनमा निजी आवास पूर्ण क्षती भएको भनी गत २०७७ कात्तिक १६ को बैठकबाट पहिचान भएका २४७ लाभग्राहीमध्ये सबै स्थानिय तहका १७४ लाभग्राहीसंग निजी आवास पुनर्निर्माणका लागि सम्झौता भई पहिलो किस्ता दिने

कार्य भैरहेको । म्याग्देली प्रवासी नेपाली संघको तर्फबाट पुनर्निर्माण भैरहेका ४० घर सम्पन्न हुने चरणमा रहेको । गत बैशाख २ गतेको निर्णय वमोजिम धवलागिरि गाउँपालिकाका ११ घरको प्राविधिक मुल्याङ्कन गरी प्रतिवेदन दिन अनुरोध गरिए वमोजिम जिल्ला आयोजना कार्यान्वयन इकाईले देहाय बमोजिमका ११ लाभग्राहीहरूको घर पुनर्निर्माण गर्नुपर्ने भनी प्रतिवेदान दिएको ।

| | | |
|---|---|---|
| १ | गिरिप्रसाद वि क | वडा नं ७ धारापानी |
| २ | गंगे कामी | वडा नं ७ धारापानी |
| ३ | मैते कामी | वडा नं ७ धारापानी |
| ४ | प्रेम बहादुर दमै | वडा नं ७ धारापानी |
| ५ | जित बहादुर कामी | वडा नं ७ धारापानी |
| ६ | सन्जु कामी | वडा नं ७ धारापानी |
| ७ | मन बहादुर कामी | वडा नं ७ ताकाम |
| ८ | गौतमी कामी | वडा नं ७ ताकाम |
| ९ | रेशम कामी | वडा नं ७ धारापानी |
| १० | छिमा कुमारी मगर | वडा नं ६ मराङ |
| ११ | तिल बहादुर बुढाथोकी | वडा नं ४ बगर |

उक्त ११ लाभग्राही र सम्झौता गर्न बाँकी लाभग्राहीहरूकोसंग नियमानुसार शिघ्र सम्झौता गर्न गराउन सबै गाउँ/नगर पालिकाले पहल गर्ने ।

१६ स्थानिय तहहरूका स्थानिय विपद व्यवस्थापन समितिको तर्फबाट कतिपय नयाँ लाभग्राहीको नाम समावेश भई आएको पाइएकोले त्यस्ता लाभग्राहीको घरको प्राविधिक मूल्याङ्कन गरी प्रतिवेदन दिन जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) म्याग्दीलाई पुनः अनुरोध गर्ने ।

१७ निजी आवास पुनर्निर्माण गर्ने सम्बन्धमा पहिलो किस्ता प्राप्त गरिसकेका लाभग्राहीको निर्मित घरको नियमित रुपमा निरीक्षण गराउन सम्बन्धित स्थानिय तहले प्राविधिक उपलब्ध गराउने । उक्त निर्मित घरको मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निमाण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ को दफा ६ उपदफा १ को (ख)(२) बमोजिम प्लिन्थ लेभलसम्म आवास निर्माण सम्पन्न गरिसकेपछि अनुसूचि ६ वमोजिम निर्माण सम्पन्न गरेको प्राविधिक जाँच प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्ष गाउँ / नगर पालिकाले सिफारिस गर्ने । साथै यसरी सिफारिस भई आएपश्चात जिल्ला प्रशासन कार्यालयबाट निज लाभग्राहीको खातामा उक्त कार्यविधि बमोजिमको दोस्रो किस्ता वापतको रकम जम्मा गर्ने ।

१८ मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निमाण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ को दफा ५ को उपदफा ३ र दफा ६ उपदफा १ र २ बमोजिम निजी आवास पुनर्निर्माणको लागि लागत सहभागिताको लागि स्थानिय तहले वेहुर्नुपर्ने रकम मध्ये जिल्ला प्रशासन कार्यालयको विविध खातामा जम्मा गर्न बाँकी रकम अविलम्ब जम्मा गरिदिने ।

१९ प्रमुख जिल्ला अधिकारीले बैठकमा देहायको प्रतिवेदन पेश गर्नुभयो ।

जिल्ला विपद् व्यवस्थापन समितिको विविध खातामा मौज्दात र खर्चको विवरण

**संघको**

| | |
|---|---|
| गृह मन्त्रालयबाट प्राप्त मध्ये (अ.ल्या.) मौज्दात रू. | २४,९९,६८५/१८ |
| पुनर्निर्माणका लागि NDRRMA बाट प्राप्त रू. | १,०८,९७,५००/- |

| | | |
|---|---|---|
| पुननिर्माणका लागि धवलागिरि गाउँपालिका प्राप्त रू. | १७,००,०००/- | |
| पुनर्निर्माणका लागि मंगला गाउँपालिका प्राप्त रू. | ९,९०,०००/- | |
| **जम्मा रू** | १,६०,८७,१८५/१८ | |
| पुनर्निर्माणका लागि धवलागिरि गाउँपालिकाबाट खर्च रू. | | १७,००,०००/- |
| पुनर्निर्माणको लागि मंगला गाउँपालिकाबाट खर्च रू. | | ९,००,०००/- |
| <u>राहत वितरण</u> | | |
| मन बहादुर गुरुङको परिवार (वन आगलागी निभाउदा मृत्यु) रू. | | २,००,०००/- |
| कामना बरुवाल अन्नपूर्ण-६ (आंशिक घर क्षति) | | ५,०००/- |
| हुम बहादुर कुँवर बेनी-६ (घर क्षति) | | १०,०००/- |
| टक माया थापा बेनी-३ (घर क्षति) | | १०,०००/- |
| आइतविर दमै बेनी-९ (घर क्षति) | | १०,०००/- |
| ओम बहादुर खड्का बेनी-९ (घरक्षति) | | १०,०००/- |
| गिता खत्री बेनी-९ (घरक्षति) | | १०,०००/- |
| मिन बहादुर कटुवाल बेनी-६ (घर क्षति) | | १०,०००/- |
| बल बहादुर दर्जी बेनी-६ (घर क्षति) | | १०,०००/- |
| **जम्मा रू.** | | २८,७५,०००/- |
| **बाँकी मौज्दात रू.** | | १,३२,१२,१८५/१८ |

<u>गण्डकी प्रदेश सरकार</u>

| | | |
|---|---|---|
| आन्तरिक तथा कानून मन्त्रालयबाट प्राप्त रू. | ९,५०,४२२/- | |
| पुनर्निर्माण तर्फ | ० | |
| जम्मा रू. | ९,५०,४२२/- | |
| मन बहादुर गुरुङको परिवार (वन आगलागी निभाउदा मृत्यु) रू. | | ५०,०००/- |
| भरत बहादुर थापा (डुवेर मृत्यु) रू. | | ५०,०००/- |
| **जम्मा रू.** | | १,००,०००/- |
| **बाँकी मौज्दात रू.** | | ८,५०,४२२/- |